# गोदावरी नगरपालिका

## बज्रबाराही, ललितपुर

## बागमती प्रदेश

नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

# नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९

प्रस्तावनाः सामुदायिक विद्यालयको आधारभूत तथा माध्यमिक तहमा विषयगत शिक्षकको उपलब्धतामा बृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न अतिरिक्त कृयाकलाप उपल्बध गराई विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार नगर स्वयंसेवक शिक्षक अनुदान तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले गोदावरी नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेकोछ।

## परिच्छेद- एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१ यो कार्यविधिको नाम "नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ।

२. परिभाषाः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

क) “अनुमती" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ अनुसार तोकिएको निकायले दिएको स्वीकृत वा अनुमति सम्झनु पर्छ। साथै सो शब्दले गोदावरी नगरपालिकाबाट पारीत गोदावरी नगरशिक्षा ऐन, नियमावली कार्यबिधि समेतलाइ जनाउछ र "स्थानीय सरकार सञ्चालन ऐन २०७४" अनुसार स्थानीय तहले दिएको अनुमति समेतलाई जनाउँदछ।

ख) “इकाइ” भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

ग) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ गोदावरी नगरपालिका शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ

घ) “केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा गोदावरी नगरपालिका र शिक्षाको गुणास्तर बृद्धि गर्न नगर शिक्षालाइ थप शिक्षक पदपुर्ति गर्नु पर्ने देखिएमा हुन आउने दरबन्दीलाइ सम्झनु पर्छ।

ङ) "दरबन्दी” भन्नाले संघिय सरकारवाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउछ।

च) "नियमावली" भन्नाले शिक्षा नियमावली,२०५९ गोदावरी नगरपालिका शिक्षा नियमावली,कार्यबिधिलाई सम्झनु पर्छ।

छ) “मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ

ज) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्छ।

झ) “स्थानिय तह" भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्छ।

ञ) "नगर स्वयं सेवक "शिक्षक भन्नाले आधारभूत तथा माध्यमिक तहका विद्यालयमा शिक्षक अभावलाई कम गर्नका लागि नियुक्त गरिएको स्वयंसेवक शिक्षक सम्झनु पर्छ।

ट) "समिति" भन्नाले नगर स्वयंसेवक शिक्षक पदपूर्ति सिफारिस समिति सम्झनु पर्छ।

ठ) अतिरिक्त कृयाकलाप, विद्यार्थीको शारिरीक, मानसिक, शैक्षिक, नैतिक, सांस्कृतिक कृयाकलाप बृद्धिको लागि गरिने विभिन्न आवश्यक कृयाकलापलाई समेत सम्झनुपर्छ।

## परिच्छेद- दुई

### विद्यालय छनौट तथा नगर स्वयमसेवक शिक्षक दरबन्दी विवरण

**२. विद्यालय छनौटका आधारहरु:**

नगर स्वयंसेवक शिक्षक वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्ः

क) आधारभूत तहमा कक्षा १-५ र कक्षा १-८ तथा माध्यमिक तहमा कक्षा (१-१०) र १-१२) को अनुमती लिएको हुनुपर्ने।

ख) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन भएको हुनु पर्ने।

ग) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनु पर्ने।

घ) विद्यालयले अघिल्लो वर्षको लेखापरीक्षण गरेको हुनु पर्ने।

ङ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनु पर्ने

(च) विद्यालय व्यवस्थापन र शिक्षा गुणस्तरको अभिबृद्धि गर्न स्वयमसेवक शिक्षक माग गर्दा आवश्यकताको कारण खुलाई विद्यालयले कार्य योजना सहित माग पेश गर्नुपर्ने।

**३. विद्यालय छनौट प्रक्रिया:**

१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय मध्येबाट दफा ३ का आधारमा विद्याल सूची तयार गरिनेछ ।

२. उपदफा (१) अनुसारको सूची तयार गर्दा आधारभूत तह कक्षा १-५ र कक्षा १-८ मा कक्षा दरवन्दी नभएका र माध्यमिक तह कक्षा (१-१०) र (१-१२)मा बिषयगत शिक्षक बाहेक अतिरिक्त कृयाकलाप दरबन्दी नभएका विद्यालयहरु प्राथमिकताक्रम तोकी तयार गरिनेछ ।

३. स्थानिय तहले आफूलाई प्राप्त स्वयंसेवक शिक्षकको संख्या अनुसार उपदफा (२) बमोजिम भएको प्राथमिकता सूचीको आधारमा विद्यालय छनौट गरिनेछ।

४. उपदफा (३) बमोजिम विद्यालय छनौट गर्दा विद्यार्थी संख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिइनेछ।

**४. नगर स्वयमसेवक शिक्षक वितरण:**

१. आधारभुत तह तथा माध्यमिक तहसम्म सञ्चालित विद्यालयहरुमा स्वीकृत दरबन्दीको आधार र नपुग शिक्षक तथा आवश्यकता अनुसार थप स्वयंसेवक शिक्षक उपलब्ध गराउनु पर्ने र माध्यमिक तह विषयगत रुपमा हुने गरी विद्यालयमा रहेका दरबन्दीको आधारमा आवश्यकताको अनुसार थप स्वयंसेवक शिक्षक नगर शिक्षा समिति मार्फत उपलब्ध गराइनेछ।

२.स्वीकृत बजेटको परिधिभित्र रही छनौट भएका विद्यालयहरुमा नगर स्वयंसेवक शिक्षक उपलब्ध गराइनेछ ।

**५ नगर स्वयम सेवक शिक्षकको लागि आवश्यक शैक्षिक योग्यता**

क) आधारभुत(१–८) तहका लागि स्नातक तह उर्तिण गरेको

ख) माध्यामिक( ९–१२ ) तहका लागि स्नाकोत्तर तह उर्तिण गरेको

ग) अतिरित्त सम्बन्धित बिषयमा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट प्रमाण पत्र प्राप्त गरीसो बिषयमा कम्तमिा २ ( दुई ) बर्ष कार्य गरेको कार्य अनुभव गरेको

## परिच्छेद-तीन

### शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

**६. शिक्षक भर्ना सम्बन्धी व्यवस्था:** यस नगरपालिकाले नगर स्वयंसेवक शिक्षकको भर्ना देहाय बमोजिमका आधारमा गरिनेछ

१) कार्यालयको सूचनापाटी, स्थानीय पत्रपत्रिका, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा तह, पद, संख्या, आवश्यक

न्यूनतम योग्यता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, परीक्षा मिति, स्थान, सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूह समेतको विवरण खुलाई ३५ (पैतिस) दिने थप गर्न दस्तुर लिई ७ (सात) दिनको म्याद दिई खुल्ला विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

२) आवेदन दस्तुरः रु ५००।-अक्षेरुपी पाँच सय मात्र आवेदन फारामको नमुना अनुसुची १ बमोजिम हुनेछ।

३) स्वयंसेवक शिक्षक छनौटका लागि देहाय बमोजिम नगर स्वयसेवक शिक्षक पदपूर्ति सिफारिस समिति गठन गरिनेछ।

क. प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी – अध्यक्ष

ख. नगर प्रमुखले तोकेको शिक्षा विज्ञ – सदस्य

ग. शिक्षा शाखा प्रमुख वा प्रमुखले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव

**७) नगर स्वयसेवक शिक्षक पदपूर्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

क. नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधिले तोकिएको मापदण्डको आधारमा परीक्षा सञ्चालन गर्ने,

ख. प्रश्नपत्र, परीक्षाकेन्द्र, केन्द्राध्यक्ष, निरीक्षकहरुको व्यवस्था गर्ने,

ग. परीक्षालाई स्वच्छ, मर्यादित र सुरक्षित वातावरणमा सम्पन गराउन आवश्यक रेखदेख, समन्वय र अनुगमन गर्ने,

घ. परीक्षमा अनियमित काम गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कार्यवाही गर्ने / गराउने,

ङ. नगर स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने,

**८) उपदफा १ बमोजिम प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुन पाउने छन्।**

क. जुनसुकै विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको।

ख) नेपाली नागरीक हुनुपर्ने

ग) १८ वर्ष उमेर पुगेको र ३५ वर्ष पुरा नभएको तथा महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको, अतिरिक्तको हकमा उमेर हद लागुहुनेछ।

घ) मानसिक सन्तुलन ठिक भएको।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरीएको।

छ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको।

**९. नगर स्वयंसेवक शिक्षकको सेवा शर्त सुविधाः** यस कार्यविधि अनुसार स्वयंसेवक शिक्षकमा भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउनेछ।

१) नगर स्वयंसेवक शिक्षकलाई मासिक निर्वाह भत्ता रु. १८०००। (अठार हजार मात्र) हुनेछ।

२) करार समझौतामा तोकिए बमोजिमको कार्य अवधि हुनेछ।

३) शिक्षकले चाडपर्व खर्च लगायत अन्य सुविधाहरु नपाउने।

४) कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी र पर्व बिदा मात्र पाउने ।

५) यस कार्यविधि अनुसार नियुक्ति भएको शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा नपाउने र थप सुविधाको लागि दाबी गर्न पनि नपाउने।

**१०. परीक्षा सम्बन्धी व्यवस्था :** नगर स्वयं सेवक शिक्षक करारमा राख्ने प्रयोजनको लागि परीक्षा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१. नगर स्वयंसेवक शिक्षक छनौट सम्बन्धि परीक्षाको पूर्णाङ्ग र उतिर्णाङ्ग देहाय बमोजिम हुनेछ :

क. अन्तरवार्ता, शैक्षिक योग्यता, स्थायी ठेगाना र कार्यानुभवको पूर्णाङ्क ५० अंक र उतिर्णाङ २० हुनेछ ।

२. उपदफा १ को (क) बमोजिम छनौंट चरणमा योग्यहुने उम्मेदवारहरुलाई उपदफा १ को (ख) वमोजिम लिइने मुल्याङकनका लागि शैक्षिक योग्यता, भौगोलिक इकाइ ,कार्यानुभव तथा अन्तरवार्ता वापत निम्नानुसार पुर्णाङ्क कायम गरी मुल्याङकन गरिनेछ :

**क. शैक्षिक योग्यता** - १० अङ्क, (७ र ३ अंक)

१ न्यूनतम योग्यता वापत ७ अंक( (प्रथम श्रेणी ७, द्वितीयश्रेणी ५. तृतीय श्रेणी ३ ।

२ माथिल्लो शैक्षिक योग्यता - ३ (प्रथम ३ द्वितीय २, तृतीय १)

**ख. स्थाया ठेगाना** - १० अङ्क सम्बन्धित वडा-१०अड्क सम्बन्धित न. पा. ८.अक । ललितपुर जिल्ला ४ अङ्क वागमती प्रदेश २ अंक र अन्य भए १ अंक

**ग. कार्यअनुभव** - ५ अङ्क (प्रति वर्ष कार्य अनुभवको १ अङ्कका दरले) न्युनतम योग्यता अनुरुपको पदमा रहि काम गरेका आधारमा ।

**घ**.अन्तरर्वाता: २५ अंक

४. उपदफा १ को (ख) बमोजिम लिइने अन्तर्वाता अङ्क ७० प्रतिशत भन्दा माथि र ३५ प्रतिशत भन्दा कम दिदा कैफियत उल्लेख गर्नुपर्नेछ ।

५. पहिलो चरणको छनौंटमा परेका परीक्षार्थीले प्राप्त गरेको अंक र दोश्रो चरणमा अन्तरवार्ताबाट प्राप्तकको आधारमा अन्तिम नतिजा प्रकाशित गरिनेछ । प्रथम चरण भन्नाले शैक्षिक योग्यता, स्थानीय ठेगाना , कार्यानुभव वापतको प्राप्तांक

## ११ अन्तिम नतिजा प्रकाशन सम्बन्धी व्यवस्था:

१) दफा ८ को उपदफा ५ वमोजिम सबैभन्दा बढी अङ्कप्राप्त गर्ने उम्मेदवारहरु दफा ६ को उपदफा ४ (च)बमोजिमको समितिको सिफारिसको आधारमा नगरपालिकाले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना आदि समेत उल्लेख गरी अन्तिम योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोव्वर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यबाट जानकारी गराई सोको अभिलेख समेत राखिनेछ

### १२.करार सम्झौता रद्द गर्न हुने:

१) देहायको अवस्था भएमा विद्यालय व्यवस्थापन समितिको सिफारीसमा नगरपालिकाले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द हुनेछ ।

क) बिना सूचना लगातर ७ (सात) दिन सम्म विद्यालयमा अनुपस्थित भएमा,

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा,

ग) शिक्षक आचारसंहिताको पालना नगरेमा,

२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई सफाई पेश गर्ने मौका नदिई सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद-चार

## विभिन्न निकायहरुको भुमिका

१३. स्वयम् सेवक शिक्षकको नियुक्ति सम्बन्धमा परिच्छेद-३ को दफा ६ को उपदफा ३ बमोजिम बनेके समितिले परिक्षार्थीहरुको प्राप्त गरेको अङ्क सहित बिवरण कार्यपालिकाको बैठकमा पेश गरेपछि कार्यपालिका बैठकबाट सिफारिस समितिबाट प्राप्त बिवरणलाई आवश्यकता अनुसार संसोधन सहित कार्यपालिका बैठकबाट अनुमोदन गर्न सकिनेछ।

१४. स्वयंसेवक शिक्षकहरुको सेवा, शर्त तथा कार्यक्षेत्र निर्धारण गर्ने तथा आवस्यकता अनुसार शिक्षक लाई विद्यालयमा खटाउने यसरी विद्यालयमा खटाउदा निर्धारण गरेको विद्यालयमा दरखास्त नपरेमा वा निर्धार्ण गरेको विद्यालयको लागि दरखास्त दिने उम्मेदवार मध्ये कोही पनी उत्तीर्ण हुन नसकेको अवस्थामा अन्य सफल उम्मेदवारहरु तथा वैकल्पिक उम्मेदवारहरु मध्येबाट जुनसुकै विद्यालयमा खटाउन सक्ने छ।

## परिच्छेद-पाँच

१५. नगर स्वयमसेवक शिक्षा नियुक्ति हुँदा भएको करार सम्झौतामा उल्लिखित भएबमोजिमको शर्त बन्देजलाई पालना गर्न लगाई विद्यालयको शैक्षिक गुणास्तर सम्बन्धमा अनिवार्य रुपमा त्रैमासिक बिवरण नगरपालिकामा पेश गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ।

१६ थप सुविधा उपलब्ध गराउन सक्नेः यस कार्यविधि अनुसार नियुक्त भएका शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट विद्यालय व्यवस्थापन समितिको बैठक निर्णयबाट आवश्यक देखिएमा थप सेवा सुविधा दिएमा यो कार्यविधि बाधा हुने छैन।

१७. कार्यविधिको व्याख्या गर्न सक्नेः कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गोदावरी नगपालिकामा लागु हुनेछ। यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन नै लागु हुनेछ।

आज्ञाले

.............................

प्रवीण कोइराला

प्रमुख प्रशासकीय अधिकृत